त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
परीक्षा नियन्त्रण कार्यालय
OFFICE OF THE CONTROLLER OF EXAMINATIONS

Balkhu, Kathamandu, Nepal
Tel: 977-4-302727, Fax : 4277585
web: www.tuexam.edu.np
बल्खु, काठमाडौं, नेपाल ।
फोन : ४३०२७२७, फ्याक्स : ४२७७५८५

पत्र संख्या :
Reference No :

मिति/Date: २०७८।२।९

# त्रिभुवन विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय, बल्खुको
# अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुरुप स्नातक तह प्रथम बर्षका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भराउने सम्वन्धमा पूर्व प्रकाशित सूचना अनुसार विश्वभर महामारीको रुपमा फैलिएको COVID-19 को दोस्रो लहरको प्रकोपका कारण स्थगित गरिएकोमा मिति २०७८ जेष्ठ १० गतेदेखि २०७८ जेष्ठ २० गतेसम्म क्याम्पसमा संकलन भएका आवेदन फारामहरु सम्वन्धित क्याम्पसबाट भराउने र आवेदन फाराम छुट हुन गएका परीक्षार्थीहरुको आवेदन फाराम मिति २०७८ जेष्ठ १२ गतेदेखि २०७८ जेष्ठ २० गतेसम्म online बाट सम्वन्धित परीक्षार्थिहरु स्वयंले भर्न सक्नेछन् । क्याम्पस र परीक्षार्थीहरुबाट भरिएका सम्पूर्ण फारामहरु सम्वन्धित क्याम्पसले रुजु गरी सो को रकम भुक्तानी गरी मिति २०७८ जेष्ठ २३ गते भित्र Entry गरी सक्नुपर्ने छ ।

Online फाराम भर्न त्रि.वि.प.नि.का.को website:www.tuexam.edu.np मा Online Form मा Click गरी प्राप्त निर्देशन अनुसार भर्न सकिनेछ । एकल दस्तुरको फाराम भर्ने अवधि २०७८ जेष्ठ २० गतेसम्म कायम गरिएको छ । मिति २०७८ जेष्ठ २४ गतेदेखि सात दिनको लागि उक्त website बन्द गरिनेछ र दोब्बर दस्तुर बुझाई फाराम भर्ने अवधि २०७८ आषाढ १ गतेदेखि ७ गतेसम्म मात्र कायम रहने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै फारम भर्न छुट भएका आंशिक प्राईभेट परीक्षार्थीहरुले सम्वन्धित प.नि.का.मा मिति २०७८ जेष्ठ २४ गते देखि ३० गते सम्म सम्पर्क राखि फाराम भर्नुहुन समेत सूचित गरिन्छ ।

पुनश्च : प्रथम बर्षका परीक्षार्थीहरुको वार्षिक परीक्षा २०७८ श्रावण मसान्त भित्र सम्पन्न गर्ने गरी केही समय पछि विस्तृत सूचना प्रकाशित गरिनेछ ।

परीक्षा नियन्त्रक